स्थानीय सरकार

घोराही उप महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल

## वोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०८२/०८/२९

घोराही उपमहानगरपालिका क्षेत्र भित्र तपशिल बमोजिमको कर संकलन गर्न घोराही उप महानगरपालिकाको आर्थिक ऐन ,२०८२ बमोजिम आ.व. २०८२/०८३ को लागि ठेक्का बन्दोबस्त गर्न विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। मान्यता प्राप्त योग्य इच्छुक संस्था/फर्म/कम्पनीले निर्धारीत समय भित्र विद्युतीय माध्यमवाट मात्र रितपुर्वक बोलपत्र पेश गर्नुहुन जानकारी गराइन्छ।

**विद्युतीय माध्यमवाट वोलपत्र पेश गर्दा लागुहुने शर्तहरु**

१) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र बोलपत्र खरिद दस्तुर रु ३०००(पछि फिर्ता नहुने गरी) तपशिल बमोजिमको विवरण अनुसार जम्मा गरी भौचर स्क्यान गरी अपलोड गर्नुपर्नेछ। यो सूचना www.ghorahimun.gov.np वाट समेत डाउनलोड गर्न सकिनेछ।

तपशिल

| खाताको नाम | खाता नं | राजश्व शिर्शक नं | बैंकको नाम | वेवसाइट | Public Entity |
|---|---|---|---|---|---|
| घोराही उ.म.न.पा. आन्तरिक राजस्व खाता | ०२७०३०००००१००१०००००१ | १४२२९ | नेपाल बैंक लि. घोराही शाखा | www.bolpatra.gov.np/egp | Ghorahi Sub Metropolitan City,Dang |

२) वोलपत्र साथ पेश भएको जमानत वापतको रकम वोलपत्र दाताले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड,घोराही उप महानगरपालिकाको धरौटी खाता नं ०२७०३०००००३०००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकवाट "क" वर्गको इजाजत प्राप्त बैंक वाट घोराही उपमहानगरपालिकाको नाममा जारी भएको, वोलपत्र पेश गर्ने अन्तिम मितिवाट १२० दिन सम्म म्याद भएको विड सेक्युरिटी (विडवण्ड) वोलपत्र साथ अपलोड गर्नुपर्नेछ।

३) विद्युतीय खरिद प्रणाली (E-Bidding) वाट मात्र दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० बजे वोलपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा घोराही उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ तर वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनी वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

४) कालो सूचिमा नपरेको, हालसम्म पाँच वटा ठेक्का सम्झौता नभएको स्वयं घोषणापत्र तथा संस्था/फर्म/कम्पनीका आवश्यक कागजातहरु र २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वोलपत्र साथ अनिवार्य अपलोड गर्नु पर्नेछ।

५) संयुक्त उपक्रम (Joint Venture) को माध्यमवाट काम गर्ने व्यवसायीले संयुक्त लगानी सम्वन्धि सम्झौता पत्र पेश गर्नु पर्नेछ र संयुक्त उपक्रममा बढिमा ३ (तीन) वटा फर्महरुले संयुक्त रुपमा भाग लिन सक्नेछन। सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनुपर्नेछ।

६)वोलपत्र सम्वन्धि अन्य कुरा वुझ्नु परेमा घोराही उपमहानगरपालिका वा फोन ०८२-५६३२७३, सम्पर्क राख्न सकिनेछ।

७) म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

८) एक फर्मको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक वोलपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार घोराही उपमहानगरपालिकामा सुरक्षित रहनेछ तथा उल्लेखित शर्तहरु रीतपूर्वक नभएको वोलपत्र स्वत खारेज हुनेछ।

१० ) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) र विद्युतीय खरिद प्रणाली निर्देशिका,२०८० बमोजिम हुनेछ।

**कामको विवरणहरु :**

| सि.नं | ठेक्का नं | कामको विवरण | न्यूनतम अनुमानीत रकम (भ्याट वाहेक) | विड सेक्युरिटी रकम (५) प्रतिशत | | वोलपत्र दस्तुर ( पछि फिर्ता नहुने) |
|---|---|---|---|---|---|---|
| 1. | NCB/REVENEW/ GSMC/02/082/083 | विज्ञापन कर। | १०,००,०००.०० | ५०,०००.०० | यो न्यूनतम रकम हो। वोलपत्रदाताले आफुले कवोल गरेको अंकको ५ प्रतिशत अनिवार्य राख्नुपर्नेछ। | ३,०००.०० |

प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

थप अन्य शर्त तथा वन्देजहरु

१. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको मितिले ७ दिन भित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हूने रकम अनिवार्य बूझाउनूपर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हूने रकम नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) र मू अ कर बाफतको रकम पूरै रकम आन्तरिक राजस्व कार्यालयको खातामा जम्मा गरेको बैंक भौचर पेश गरी सम्झौता गर्नूपर्नेछ । नियमानूसार नेपाल सरकारलाइ बूझाउनूपर्ने अन्य कर बोलपत्रदाताले छूट्टै आफै बूझाउनू पर्नेछ ।

२. चालू आ.व. मा ठेक्का स्वीकृत भई कार्यादेश पाएको मिति भन्दा अगाडी यस कार्यालयमा सो ठेक्का वापत जम्मा भएको रकम बोलपत्रदाताले कबोल गरेको जम्मा रकममा घटाइ हिसाव मिलान गरीने छ ।

लुम्बिनी प्रदेश
दाङ, नेपाल

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत